नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः १४, पौष २९ गते, २०७९ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (चौथो संशोधन), २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।९।७

व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ६ (२) उपदफा (१) बमोजिमको हदम्याद भित्र नवीकरण नगर्ने निर्माण व्यवसायीको म्याद नाघेको छ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरणका लागी माग गरेमा दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ **भन्ने बाक्यांशको सट्टा** उपदफा १ बमोजिमको हद म्याद भित्र नवीकरण नगर्ने निर्माण व्यवसायीको म्याद नाघेको मितिले ६ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरण गर्नका लागि माग गरेमा दोब्बर दस्तुर लिई र सो म्याद पनि नाघेमा म्याद नाघेको मितिले १ वर्षभित्र आएमा तेब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ । हाल म्याद नाघी नवीकरण हुन बाँकी रहेकाको हकमा ३ महिना भित्र आएमा तेब्बर दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

२. दफा ६ (२) पछि उपदफा (३) थप कुनै निर्माण व्यवसायीले आफ्नो नियमित 'घ' श्रेणीको इजाजत पत्र योग्यता पुगेको कसैलाई नामसारी गरिदिन चाहेमा नगर सभाले तोकेको नवीकरण दस्तुरको दोब्बर दस्तुर बुझाएमा नियम ४ (२) बमोजिमको मूल्याङ्कन समितिबाट नामसारी गर्न सकिने छ ।

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत